**पनौती नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**पनौती, काभ्रेपलाञ्चोक**

## आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना

**चौथो पटक प्रकाशित मिति २०७९।०५।१३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा [illegible] को ६, दफा ६२क. र बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७९ अनुसूची-५ र पनौती नगरपालिकाको आर्थिक विधेयक, २०७९ मा तोकिएको दररेट बमोजिम यस नगरपालिका[illegible] आ.व.२०७९/८० को बाकी अवधिका (१० महिना ) लागि देहाय बमोजिमको आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले अनुमती/स्वीकृती प्राप्त गरी संचालनमा रहेका खानी उद्योगहरुबाट उत्खनन्/उत्पादन भएका रोडा, ढुंगा, ग्राभेल, चिप्स बेस र माटोमा बिक्री/श्रोत उपयोग कर दस्तुर संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको बिषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र खरीद गरी पेश गर्न वा E-Bidding मार्फत बोलपत्र पेश गर्न चौथो पटक १५(पाध्र) दिनको यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी बिबरण :-**

<table>
<tr><th>क्र.सं</th><th>आन्तरीक आय ठेक्का संकेत</th><th>ठेक्का को विषय क्षेत्र</th><th>आ.व.२०७९/८० का बाकी अवधिका लागि कायम न्यूनतम अंक( मु.अ.कर बाहेक)</th><th>बोलपत्र फाराम दस्तुर</th><th>स्विकृत दररेट (मु.अ.कर बाहेक)</th><th>जमानत रकम</th></tr>
<tr><td>१</td><td>IR-1/2079/80</td><td>पनौती नगरपालिका क्षेत्रभित्र रहेको विभिन्न खानीहरुबाट उत्पादन तथा उत्खनन भई प्रयोग हुने ढंगा, ग्राभेल, रोडा, गिट्टी, बेस, बालुवा, माटो, डष्ट आदीको बिक्री/श्रोत उपयोग शुल्क</td><td>२७,२०,००,०००।- (सत्ताईस करोड बिस लाख रुपैया मात्र)</td><td>२०,०००।-</td><td><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>इकाई</th><th>दर (रुपैयाँमा) मु.अ. बाहेक</th></tr><tr><td>१</td><td>ढुङ्गा, ग्राभेल, रोडा, गिट्टी, बेस, बालुवा,</td><td>प्रति घन फिट</td><td>रु. ९।- (नौ रुपैयाँ [illegible]</td></tr><tr><td>२</td><td>माटो, डष्ट</td><td>प्रति घन फिट</td><td>रु. २।५० (दुई पचास पैसा मात्र)</td></tr></table></td><td>मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत</td></tr>
</table>

**शर्तहरु :**

१. बोलपत्र फाराम खरिद गर्दा आ.व. २०७८।२०७९ सम्मको फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन संलग्न गरी मिति २०७९।५।२७ गतेको कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालय पनौती काभ्रेपलाञ्चोकको कर उपशाखाबाट खरिद गर्न सकिनेछ । साथै e-bidding मार्फत बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुको हकमा **www.bolpatra.gov.np/egp system**बाट **Bid document Download** गरी मिति २०७९।०५।२८ गते दिनको १२:०० बजे भित्र देहाएको खातामा बोलपत्र फाराम दस्तुर वापत तोकिएको रकम जम्मा गरी सो को भौचरको **Scanned Copy** समेत संलग्न गरी **e-bidding** मार्फत बोलपत्र पेश गर्न सकिनेछ ।

बोलपत्र फाराम दस्तुर जम्मा हुने कार्यालयको नाम र ठेगाना : पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पनौती
खाता रहेको कार्यालयको नाम र ठेगाना : नेपाल बैंक लिमिटेड, पनौती शाखा,
खाता नं.: आन्तरिक राजस्व खाता ०९००३०००००१००१००००००१

२. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति २०७९।५।२८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखीला वा e-submission गरीसक्नुपर्नेछ । दाखिला वा e-submitted बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, पनौती शाखामा रहेको धरौटी हिसाब नं. ०९००३००००००३००००००००१ खातामा जम्मा गरेको बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा *१८० (एक सय असी)* दिन म्याद रहेको नेपाल सरकारवाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी बैंक जमानत पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्रसाथ पेश गर्नु पर्नेछ साथै इ बिडिंग माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्र दाताहरुले बोलपत्र पेश गर्दा सिस्टममा जति जमानत रकम देखाए पनि मु.अ.कर सहितको कुल कवोल अंकको ५ प्रतिशत हुन आउने रकम धरौटी/जमानत बापत पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. बोलपत्र स्वीकृत सम्वन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको १० प्रतिशत रकम (मु.अ.कर समेत) नगदै जम्मा तथा बांकी ९० प्रतिशत रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बैंक तथा बित्तिय संस्थाबाट जारी मु.अ.कर रकम समेतको कार्यसम्पादन जमानतपत्र सहित संझौता गर्न आउनुपर्नेछ।

६. सूचनाको शर्त बमोजिम तोकिएको समय भित्र सबैभन्दा बढी रकम कबोल गर्ने ठेकेदार कबुलियत/सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काका लागि बोलपत्रसाथ राखेको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ।

७. स्वीकृत ठेक्काको ठेक्का किस्ता देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ।

| क्र.सं. | प्रथम किस्ता | किस्ता बुझाउनु पर्ने समय | बैक जमानतको अवधि | किस्ता रकम कवोल अंकको |
|---|---|---|---|---|
| १ | प्रथम | ठेक्का स्वीकृतको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र सम्झौता भएको बखत नगद दाखिला गर्नुपर्ने । | नगदै जम्मा गर्नुपर्ने । | १० प्रतिशत |
| २ | दोश्रो | २०७९ मंसिर ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| ३ | तेश्रो | २०७९ पुस ७ गते भित्र दाखिला गर्नुपर्ने । | २०७९ माघ मसान्त सम्मको । ३० प्रतिशत | १० प्रतिशत |
| ४ | चौथो | २०७९ माघ ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| ५ | पाचौ | २०७९ फागुण ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| ६ | छैठौ | २०७९ चैत्र ७ गते भित्र दाखिला गर्नुपर्ने । | २०८० बैशाख मसान्त सम्मको । ३० प्रतिशत | १० प्रतिशत |
| ७ | सातौ | २०८० बैशाख ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| ८ | आठौ | २०८० जेष्ठ ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| ९ | नवौ | २०८० असार ७ गते भित्र दाखिला गर्नुपर्ने । | | १० प्रतिशत |
| १० | दशौ | २०८० असार महिना को २० गते भित्र दाखिला गर्नुपर्ने । | २०८० श्रावण मसान्त सम्मको । ४० प्रतिशत | १० प्रतिशत |

८. ठेक्का लिने पक्षले सूचनाको शर्त ७ बमोजिम तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दाको बखत यस कार्यालयको पक्षमा जारी बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ। यस सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुरबाजुर लाग्ने छैन ।

CamScanner

९. शुल्क तथा दस्तुर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ तर मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकमसँगै यस कार्यालयमा बुझाउनु पर्नेछ।

१०. रोडा, ढुंगा, ग्राभेल, माटो बिक्री/श्रोत उपयोग शुल्क ठेक्कामा रोडा, ढुंगा, ग्राभेल, माटो निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरि निकाल्न पाईने छैन।

११. ढुंगा, रोडा, गिट्टी, बेस, ग्राभेल, चिप्स लगायतका साधारण निर्माणमुखि पदार्थ उत्पादनको क्रममा निस्कने खेर जाने पदार्थमा कुनै शुल्क दस्तुर लगाउन पाउने छैन

१२. ठेकेदारले संझौतामा तोकीएको विषय क्षेत्रमा तोकीएको दर रेटमा मात्र दस्तुर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। ठेकेदार र कार्यालय विचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न पनौती नगरपालिकाले निर्णय गर्नेछ।

१३. ठेक्का लिने पक्षले रकम संकलन गर्दा नगरपालिकाले तोकिदिएको नगर क्षेत्र भित्र बसी शुल्क, दस्तुर संकलन गर्नुपर्नेछ। साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दररेट सहितको सूचनाको साइनबोर्ड रकम संकलन केन्द्रमा राख्नुपर्नेछ।

१४. जिल्ला तथा स्थानीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्णरुपमा पालना गर्नुपर्नेछ।

१५. जुन आर्थिक बर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, चिप्स, बेस, माटो सो क्षेत्रबाट उठाईसक्नु पर्नेछ।

१६. भू-क्षय हुने गरी ढुंगा, गिट्टी, ग्राभेल र माटो संकलन तथा उत्खनन गर्न पाईने छैन।

१७. खानीजन्य साधारण निर्माण सामाग्री लैजांदा covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ।

१८. प्रचलित ऐन, कानून, सम्झौता र सूचना विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट हानी नोक्सानी भएमा हानी नोक्सानी भएको रकम ठेक्का लिने पक्षबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ।

१९. बन्द, हडताल, जस्ता सामान्य कारण केही दिन सेवा शुल्क, दस्तुर संकलनको काम सुचारु नभएको अवस्थामा कुनै किसिमको छुट/मिनाहा दावी गर्न पाईने छैन। तर असामान्य एवम विषम परिस्थितीका कारण १५ दिन वा सो भन्दा बढि अवधि शुल्क/दस्तुर संकलन कार्यमा अवरोध भई ठेक्का सम्झौता रकम असुल हुन नसक्ने अवस्था देखिएमा ठेकेदारले छुट मागदाबी गर्न सक्नेछ। ठेकेदारबाट पेश भएको दाबी उपर नगर कार्यपालिका तथा नगरसभाबाट मात्र निर्णय हुनेछ।

२०. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

२१. नेपाल सरकारबाट जारी ढुंगा, गिट्टी, तथा बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्णरुपमा पालना गर्नु गराउनुपर्नेछ।

२२. उपरोक्त अनुसार सूचनामा उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र अन्य उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम, कानून र ठेक्का स्वीकृ पश्चातको सम्झौता बमोजिम हुनेछ

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल
२०७३

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक

## आन्तरिक आय संकलन सम्बन्धी बोलपत्रको सुचनामा संसोधन भएको बारे

सुचना प्रकाशित मिति २०७९/०५/१४

पनौती नगरपालिका क्षेत्र भित्रको ढुगा ,गिट्टी बालुवा बेस ग्राभेल माटो आदिको बिक्री/ श्रोत उपयोग शुल्क सम्वन्धि आय ठेक्का ब्यबस्थापनका लागी अन्नपुर्ण पोष्टमा मिति २०७९/०५/१३ मा चौथो पटक सुचना प्रकाशन गरिएकोमा प्राविधिक कारणबस देहाएका शर्तहरुमा संसोधन गरिएको हुदा सम्वन्धित सवैको जानकारीका लागी यो सुचना गरिएको छ ।

तपसिल :-

१. वोलपत्र फाराम खरिद तथा दाखिला : कार्यालयवाट मिति २०७९/०५/१३ मा आय ठेक्काको लागी प्रकाशित सुचनाको शर्त न १ मा उल्लेख भए बमोजिम e-bidding माध्यमबाट वोलपत्र पेश गर्न सक्ने ब्यबस्था गरिएकोमा प्राविधिक कारण e-bidding माध्यमबाट वोलपत्र फाराम पेशगर्न नसकिने भएकोले सो कार्यको वोलपत्र फाराम नगरकार्यपालिकाको कार्यालयको कर उपशाखा बाट सुचना बमोजिमको म्याद मिति भित्र खरिद एवं दाखिला/पेश गर्नुहुन सम्वधित सवैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
२०७२

प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत